नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(...............................................शाखा)

पत्र संख्या :
चलानी नं. :

सिंहदरबार, काठमाडौँ
नेपाल ।
मितिः २०८०/१२/१८
ने.स ११४४ चिल्लाग्गा ६ आइतवार

## प्रेस विज्ञप्ति

मिति २०८०/१२/१२ देखि २०८०/१२/१७ सम्म मन्त्रालयबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरुको विवरण यस प्रकार छः-

१. मूलपानी क्रिकेट रंगशाला, दशरथ रंगशाला र किर्तिपुर क्रिकेट रंगशालाको अनुगमन गर्न अनुगमन टोली गठन गरी कायदिश दिइएको।

२. बहराइनमा हुने FIFA World Cup 2026 Qualifier For Round-2 कार्यक्रममा सहभागी हुन राष्ट्रिय खेलकुद परिषद्बाट स्वीकृति नलिएको सम्बन्धमा कानून बमोजिम आवश्यक कारवाही गरी मन्त्रालयलाई जानकारी गराउन मिति २०८०/११/३० मा राष्ट्रिय खेलकुद परिषद्मा पत्राचार गरिएकोमा कारवाही सम्बन्धी जानकारी मन्त्रालयलाई प्राप्त नभएकोले सो सम्बन्धमा जानकारी गराउन ताकेता गरिएको।

३. विभिन्न खेल संघसंस्थाहरुको विवरण अद्यावधिक गर्न पदाधिकारीहरुको नाम, आम्दानी खर्च समेतको विवरण उपलब्ध गराइदिन राष्ट्रिय खेलकुद परिषद्मा पत्राचार गरिएको।

४. विद्यालय स्तरको पाठ्यक्रममा खेलकुद विषय समावेश गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गरी पठाइएको।

५. मन्त्रालय र अन्तर्गतका निकायहरुको नाममा कायम भएको बेरुजु वर्गिकरण गरी असुल उपर गर्नु पर्ने बेरुजुको कार्ययोजना बनाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।

६. १९ औं एशियाली खेलकुदमा पदक विजेता खेलाडी, चौथो एशियन पारा खेलकुदमा पदक विजेता खेलाडी र विश्वकप T-20 क्रिकेट प्रतियोगिताका लागि छनोट भएका खेलाडीलाई पुरस्कार प्रदान गर्न आवश्यक पर्ने बजेट रु २ करोड ९७ लाख १० हजार माग गरी अर्थ मन्त्रालयमा पुनः अनुरोध गरिएको।

७. राष्ट्रिय खेलकुद नीति, २०८० को मस्यौदा स्वीकृत गरी छलफलमा लैजाने निर्णय भएको।

८. राष्ट्रिय युवा नीति, २०८० को मस्यौदामा सुझाव संकलन गर्न कर्णाली प्रदेशको सुर्खेतमा छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

९. नेपाल स्काउटको भवन र जग्गा सहितको संरचना भाडामा लगाएको विषयमा विस्तृत विवरण नेपाल स्काउटसँग माग गरी प्राप्त हुन आएको विवरणको अध्ययन भइरहेको।

१०. माननीय मन्त्रीज्यूवाट इलाम स्थित ठूलो टुडिखेल खेल मैदान र ईलाम कवर्ड हल निरीक्षण भएको।

८०/१२/१८

लेखनाथ न्यौपाने
उप-सचिव/सूचना अधिकारी

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेलः info@moys.gov.np, वेभसाइटः www.moys.gov.np

CamScanner